**विजय-रहर**



-विद्या सापकोटा

थुप्रै छन् यहाँ

दुखेका पहाडहरु

जसको माथी

हासिरहेकै त हुन्छ एउटा डल्लो घाम

तर प्रतिबिम्ब झरेको हुदैन

टल्किरहेकै देखिन्छ झलभलाउदो आगो

तर आँखाका खोल्ची ओभाउन पुग्ने तातो हुदैन ॥

नाचेकै हुन्छ इन्द्रेणी

-मन विउझाउन सक्ने रंग हुदैनन्

पुगेका त हुन्छन् गोरेटाहरु

-पाइला नाप्ने गोडा हुदैनन्

निदाइरहेका त देखिन्छन् आँखाहरु

-सपना फरफराउने आँगन हुदैन

गडगडाइरहेकै सुनिन्छ कोशी

- प्यास बुझाउने पानी हुदैन ॥

यस्तोमा कसैले,

नभनिदिए पनि हुन्थ्यो -

तँ शताब्दीऔं देखीको रोगी ! तेरो अनुहारकै नाप नक्सा मिलेकै छैन

तँ अभागी ! तेरो भागमा उज्यालो लेखिएकै छैन

जसले जमाइदिओस् सारा उत्साह ॥

वा

नगरिदिएहुन्थ्यो कसैले ,

यस्तो बिद्रोहको कुरा -

जसमा थर्किएर आफैंमा छिद्र परोस्

आफैंले फालेको ढुङ्गोले आफैमा टुटुल्को उठाइदेओस् ॥

बरु ,

भनिदिए हुन्थ्यो -लाली ल्याउन फुलाउनसक्नुपर्छ लालीगुराँस

गन्तब्य भेट्न चाल्नसक्नुपर्छ पाइला

..........................................

अथवा

देखाइदिए हुन्थ्यो- कमिलाको पहाड

जसले सिकाउथ्यो आफैलाई नै अग्ल्याउन

र

मजबुर गराउथ्यो घामलाई आफूसम्मै आउन ॥

नभए

गरिदिए पनि हुन्थ्यो -अलिकता आगाका कुरा

जो ढुङ्गामा ढुङ्गा घोटेर आफैं पार्न सकिन्थ्यो

र तताएर जमेका अवयव

सकिन्थ्यो लड्न एक लडाइँ -आफैं विरुद्धको

तब, तोडिने थिए पुराना मान्यता

हुने थियो आफैंमाथीको विजय

र

लेखेर त्यही विजय कविता

कुँद्ने थियौ हामी गौरवको इतिहास ॥

०००

कल्याणपुर -७, नुवाकोट

(९८४१८८८१९६)